# edロックPLUS Bitkey Edition

bitkey




## खोल्ने विभिन्न तरिकाहरू

### एपबाट खोल्ने तरिका



तोकीएको एप इन्स्टल गरेर स्मार्ट फोन मार्फत ढोका खोल्न सक्नुहुन्छ।

### पासकोडले खोल्ने तरिका



कुनै पनि नम्बर पासकोड सेट गर्नुहोस्,र ढोका खोल्न सक्नुहुन्छ।

### Cकार्डले टच गर्ने तरिका



तपाइँले सामान्यतया प्रयोग हुने IC कार्डले पनि खोल्न सक्नुहुन्छ, जस्तै यातायात FeliCa कार्ड।

**नोट**

कृपया सेवा प्रयोग गर्दा तपाईंको उपकरणको लागि निम्न नियममा सर्तहरू ध्यान दिनहोस्।

・Bluetooth 4.2 भन्दा उच्च मोडेलहरू
・iPhone : iOS 17 वा त्योभन्दा माथि स्थापित भएका मोडेलहरू
・Android : एन्ड्रोइड 13 वा त्योभन्दा माथिका मोडेलहरू स्थापना गरिएका

※ पछिल्ला अपडेट, महत्त्वपूर्ण नोट, सेवा समाप्ति घोषणाहरूको विवरणहरूको लागि लियोप्यालेस 21 FAQ वेबसाइट हेर्नुहोस्।

Ver.15.5

# प्रयोग गर्ने तरिका

## ① रुम छिर्नका लागि आवेदन

※ *कृपया आफ्नो सेटिङहरू पहिले नै बनाएर राख्नुहोस, ताकि तपाईंले "@homehub.site" बाट इमेल प्राप्त गर्न सक्नुहुन्छ।
※ यदि तपाईं SMS मार्फत सार्न-इन जानकारी प्राप्त गर्न चाहनुहुन्छ भने, कृपया “05031838851” डायल गर्नुहोस् यदि तपाईंले docomo, au, वा Rakuten प्रयोग गर्नुहुन्छ भने।
यदि तपाइँ SoftBank प्रयोग गर्नुहुन्छ भने, तपाइँ "242178" बाट सूचना प्राप्त गर्नुहुनेछ।
※ तपाईँले आफ्नो रुमसर्ने मिति भन्दा अघिल्लो दिन एउटा इमेल प्राप्त गर्नुहुनेछ। कृपया आफ्नो सेटिङहरू पूरा गर्न निश्चित हुनुहोस ताकि तपाइलाई रुमको ढोका खोल्न सजिलो होस्।

## ② तपाईको रुम सर्ने मितिको अघिल्लो दिन, तपाईले आवेदन दिँदा तपाईले प्रदान गर्नुभएको इमेल ठेगाना र मोबाइल नम्बरमा लियोप्यालेस बाट जानकारी प्राप्त गर्नुहुनेछ।

तपाइको इमेल/SMS मा URLआउछ तेस्लाई खोल्नुहोस ।




पासवर्ड सेट गर्नुहोस् अकाउन्ट बनाउनु होस् ।




प्रयोगका सर्तहरू पुष्टि गरेपछि तपाईंले इमेलमा कोड प्राप्त गर्नुहुनेछ ।




तपाईंले प्राप्त गर्नुभएको कोड एप्मा हाल्नुहोस |




※ तपाइँले URL टच गर्दा यदि URL मिलेन भनेर ," देखाइयो भने अथवा URL खोलीएन भने कृपया लिंकलाइ कपी गरेर Google Chrome मा पेस्ट गर्नुहोस्।
※ कृपया Google Chrome सबै भन्दा नया भर्जन को हुनु पर्छ ।
※ इमेलमा आएको कोड सिर्फ २४ घण्टासम्म मान्यता हुन्छ।
※ यदि तपाईंले इमेल प्राप्त गर्नुभएन भने, कृपया लियोप्यालेस सेवा केन्द्रमा सम्पर्क गर्नुहोस्।

## ③ homehub एप डाउनलोड गर्नुहोस्।

1 . एप इन्स्टल गर्नुहोस ।



एप स्टोरमा "होमहब" सर्च गर्नुहोस्

or

एप डाउनलोडको लागि QRकोड सुक्यान गर्नुहोस।

२D बारकोड स्क्यान गर्नुहोस् ।

2 . तपाइले बनाउनु भएको ID र पासूकोड हाल्नु होस्।




3 . लगइन गर्नुहोस ।




* दुबै एप र स्मार्टफोनको लागि ब्लुटुथ सेटिङहरू जाँच गर्नुहोस्। कृपया यसलाई ओन गरेर राख्नुहोस्।
*एन्ड्रोइडका लागि, एप र स्मार्टफोन दुवै स्थान जानकारी(location) सेटिङ पनि ओन नै राख्नुहोस्। 。

## 4 रुम भित्र छिरेपछि (प्रारम्भिक सेटिङ)
## Homehub एपमा आफ्नो पासकोड दर्ता गर्नुहोस्।

भवन अनुसार , प्रवेशद्वार (साझा क्षेत्र) मा स्मार्ट लक जडान गरेको पनी हुन सक्छ । त्यस अवस्थामा, कृपया अर्को पेज हेर्नुहोस् र सुरुमा प्रवेशद्वार (साझा क्षेत्र) अनलक गर्ने तरीका जाँच गर्नुहोस् ।

**यदि तपाईले आफ्नो स्मार्टफोन हराउनुभयो वा ब्याट्री सकियो भने तपाईलाई आवश्यक पर्न सक्नेहुनाले दर्ता गर्नुहोस ।**

※ यो गर्नु अघि आफ्नो स्मार्टफोन बोकी ढोकाको १० सेन्टिमिटर भित्र उभीनुहोस ।

1.「はじめる」लाइ ट्याप गर्नुहोस।

2.「はじめる」लाइ ट्याप गर्नुहोस।

3.「パスコードを登録」लाइ ट्याप गर्नुहोस।







पासकोड प्रयोग गरेर कसरी अनलक गर्ने

**१. स्मार्टलकको बायाँमा रहेको गोलो रहको स्टार्ट बटन थिच्नुहोस्। संख्यात्मक कीप्याड प्रदर्शन गर्दछ।**
**२. दर्ता गरिएको पासकोड हाल्नुहोस र " * " अन्त्यमा थिच्नुहोस ।**
**३. ③ स्मार्टलकको कीप्याडमा अनियमित रूपमा ४ अंकको नम्बर प्रदर्सित हुन्छ, त्यो सबै थिच्नुहोस्।**

▶ यदि तपाईंको अकाउन्ट सिर्जना गर्नुभयो तर homehub एपमा आफ्नो साँचो देखभएन भने, कृपया आफ्नो सही खाता ID हालिएको छ छैन चेक गर्नुहोस्। कृपया निश्चित गर्नुहोस् कि तपाइँ लग इन हुनुहुन्छ।

**※अकाउन्ट ID: ・यदि तपाईले इमेल मार्फत निमंत्रना प्राप्त गर्नुभएमा ⇒ इमेल हल्नुहोस**
**・यदि "SMS" मार्फत निमन्त्रणा प्राप्त गर्नुभएमा ⇒ फोन नम्बर**

1. マイページबाट 「アカウントの管理」लाई क्लिक गर्नुहोस्।



तपाईंको एकाउन्ट आईडी तपाईंको इमेल वा फोन नम्बर छकि छैन भनेर जाँच गर्नुहोस्। यदि आईडी तपाईले निमन्त्रणा प्राप्त गर्नुभएको SMS /इमेल भन्दा फरक छ भने, लग आउट गर्नुहोस्।

2. अकाउन्ट बाट लग आउट गर्नुहोस्।



3. अकाउन्ट आईडी र पासवर्ड एकपटक फेरी हाल्नुहोस् र "लग इन गर्नुहोस्"।



## ⑤ कोठा छिर्दा (अनलक)

# homehub एप मार्फत स्मार्ट लक अनलक गर्नुहोस्।

⚠ भवनको आधारमा, स्मार्ट लकहरू प्रवेशद्वार (साझा क्षेत्र) मा पनि स्थापना गर्न सकिन्छ। तिनीहरूलाई कसरी प्रयोग गर्ने भन्ने बारे निर्देशनहरूको लागि कृपया यस पृष्ठको तल हेर्नुहोस्।

यदि स्क्रिनमा "他のカギを選択できます" देखिन्छ भने, प्रवेशद्वार (साझा क्षेत्र) अनलक गर्न पनी प्रयोग गर्न सक्नुहुन्छ।







तपाईंले आफ्नो अकाउन्ट दर्ता गरेपछि,
तपाईंले भित्र पस्नुभएको दिन होमहब एपमा एउटा साँचो डेलिभर गरिनेछ।

आफ्नो स्मार्टफोनलाई ढोकाबाट १० सेन्टिमिटर भित्र ल्याउनुहोस् र
चेक गर्नुहोस् कि "しまっています" वा "あいています" प्रदर्शित छन्।
यस अवस्थामा  क्लिक गर्नुहोस् र ढोका खोल्नुहोस्।

※ कृपया एप र स्मार्टफोन दुवैमा ब्लुटुथ सेटिङहरू अन गर्न नभुल्नु होस् ।एन्ड्रोइड हो भने, एप र स्मार्टफोन दुवैस्थान जानकारी(location) सेटिङ पनि अन नै राख्नुहोस्।
※ स्मार्ट लक नजिकै सञ्चालन प्रयास गर्नुहोस्।
※ यदि "जडान छैन/未接続" देखाइएको छ भने, आफ्नो स्मार्टफोनको सेटिङ जाँच गर्नुहोस्,
कृपया स्मार्ट लक नजिकै फेरि एकपटक प्रयास गर्नुहोस्।

## भवनको प्रवेशद्वार (साझा क्षेत्र) खोल्ने तरीका

➢अटो-लक (Auto-lock) प्रवेशद्वार भएको सम्पत्तिमा, खोल्न चाहेको लक्ष्य चयन गरेर प्रवेशद्वार पनि एपबाट अनलक गर्न सकिन्छ।

1 . अटो-लक भएको भवनमा
अटो-लक खोल्नका लागि




2 . अटो-लक भएको भवनमा
कोठा खोल्नका लागि



# ⑥ अटोलक सेटिङको अवस्था चेक गर्नुहोस्।

स्क्रिनको माथिल्लो भागमा ट्याप गर्नुहोस् वा माथि स्वाइप गर्नुहोस्।




「設定」 ट्याब खोल्नुहोस् र अटो लक सेटिङ अवस्था चेक गर्नुहोस्।




⚠ अटो-लक सेटिङ सक्रिय गर्न तपाईंले पहिले पासकोड दर्ता गर्नुपर्छ।
यदि तपाईंले अझै दर्ता गर्नुभएको छैन भने, स्क्रिनको निर्देशन अनुसार दर्ता गर्नुहोस्।

▶अटो लक सेटिङ "अन" हुँदा
स्मार्टलक स्वचालित रूपमा लक हुन्छ।
कृपया बाहिर जाँदा आफ्नो स्मार्टफोन साथमा लाग्नुहोस्।

▶ यदि सेटिङ "बन्द" छ भने
स्मार्टफोन एप वा सेट गरेको पासकोडले
ढोका बन्द गर्नुहोस्।

※ जुनै पनि अटोलक अवस्था भएपनि सुरक्षित रहन कृपया "अनलक पासकोड" सेट गर्नुहोस्।

### ▶ कसरी स्मार्टलक बन्द गर्ने (लक गर्ने विधि)




एपबाट बन्द गर्नुहोस्।

or




म्यानुअल लकिङ "वान टच लकिङ" सेट भएको अबस्थामा



स्मार्टलकको तलको बायाँको बटनमा थिच्नुहोस्
र लक गर्नुहोस्।




म्यानुअल लकिङ "प्रमाणीकरण र लक" सेट भएको अबस्थामा



सेट गरिएको पासकोड हाल्नुहोस् र "*" थिच्नुहोस्।

## ध्यान दिनु पर्ने कुरा




・स्मार्ट लकहरू ब्याट्रीहरूद्वारा संचालित हुन्छन्।
जब ब्याट्री कम हुन्छ, कृपया ब्याट्री तुरुन्तै बदल्नुहोस्।

・**單3 लिथियम** ब्याट्रीहरू प्रयोग गर्न निश्चित हुनुहोस्।
यदि तपाइँ अन्य ब्याट्रीहरू प्रयोग गर्नुभयो भने कम तापमानले जोखिम लेरआउन सक्छ र ढोका खुल्दैन।

・ यदि ब्याट्री सकेको छ भने, कृपया ब्याट्री आफैं बदल्नुहोस्।
ब्याट्री बदल्ने तरिकाको लागि लियोप्यालेस २१FAQपेज हेर्नुहोस्। 。

| ब्याट्री लेबल सूचक | ब्याट्री लेबल |
|---|---|
| | लगभग फुल ब्याट्री चार्ज छ। |
| | ब्याट्री चार्ज कम छ। |
| | ब्याट्री चार्ज लगभग सकिसकेको छ। कृपया तुरुन्त बदल्नुहोस्। |

लियोप्यालेस २१ FAQ साइट

बिटलक सपोर्ट पेज

※ एप प्रयोग गरी स्मार्ट लक उपकरण सञ्चालन(कनेक्ट )गर्दा ब्याट्री जानकारी अपडेट हुदछ।

※ बिटलक उपकरण र त्यसको सञ्चालन तरीका आदि बारे थप जानकारीको लागि कृपया बिटलक सपोर्ट पेजजाच गर्नुहोस्।

# अन्य सेटिङहरू

## ■साथीहरू दर्ता/रेजिस्टर गरी id सेयर गर्नसक्नुहुन्छ ।

1.マイページ बाट 「友だち」मा ट्याप गर्नुहोस्।




2. तल दायाँमा “+” ट्याप गर्नुहोस् 2D बारकोड प्रयोग गरेर आफ्नो साथिलाइ add गर्नुहोस।




3. add गर्नुभएको साथीलाई ट्याप गर्नुहोस्।




4. माथिको दायाँ चाबीको साइन मा क्लिक गर्नुहोस।




5. कस्तो प्रकारको साथी हो छान्नूहोस।




※ यदि तपाइँ साथीको रूपमा दर्ता गर्न चाहनुहुन्छ भने, कृपया होमहब एप इन्स्टल गर्नुहोस् र अकाउन्टको लागि अग्रिम दर्ता गर्नुहोस् र कृपया homehub एपमा लग इन गर्नुहोस्।
※ यदि तपाइँ परिवारको सदस्यलाई स्थाइ रुपमा ID सेयर गर्न चाहनुहुन्छ भने "サブオーナー" छाननुहोस ।
यदि तपाइँ अस्थायी प्रयोगको लागि साथीलाई Id सेयर गर्न चाहनुहुन्छ भने "ゲスト" छाननुहोस।

यसपछि एपको निर्देशन अनुसार संचालन गर्नुहोस ।

## ■ NFC कार्ड दर्ता गर्नुहोस्

※ यो गर्नु अघि आफ्नो स्मार्टफोन बोकी ढोकाको १० सेन्टिमिटर भित्र उभिनुहोस।

1. 「घरको चित्रलाई」लाइ क्लिक गर्नुहोस।




2. 「設定」 लाइ क्लिक गर्नुहोस।




3. 「NFCカード認証」लाइ क्लिक गर्नुहोस।




4. 「NFCカードを追加」लाइ क्लिक गर्नुहोस।




**NFC कार्ड प्रयोग गरेर कसरी अनलक गर्ने**
① कार्ड रिडिङ मोडमा प्रवेश गर्न स्मार्टलकको स्टार्ट बटन दुई पटक थिच्नुहोस्।
(यदि संख्यात्मक किप्याड देखाइएको छ भने, फेरि सुरु बटन थिच्नुहोस्)
② रिडरलाई दर्ता गरिएको NFC कार्डले टचगर्नुहोस्।

यसपछि एपको निर्देशन अनुसार संचालन गर्नुहोस ।

※ मोबाइलमा हुने ICकार्डहरू चल्ने छैन।

## सम्पर्क जानकारीका लागि

लेयोप्यालेस सेवा सेन्टर

TEL：0570−006−021
खोलिने समय ： बिहानको १० बजेदेखि बेलुकाको ६:३० सम्म